४४५

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**

**सूचना आयुक्त किरणकुमार पोखरेल**

**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २२७/२०७०/०७१**

**निर्णय नं.५८**

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल .....१ उजुरीकर्ता

**विरूद्ध**

गा.वि.स सचिव, धनकुटा जिल्ला, फाक्सिब गा.वि.स ....................................................१ विपक्षी

**विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।**

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले धनकुटा जिल्लाको फाक्सिब गा.वि.स समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग संमक्ष मिति २०७०।१२।०९ मा फ्याक्स मार्फत निवेदन/उजुरी गरेको । यस आयोगबाट मिति २०७०।१२।२७ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न धनकुटा जिल्ला, फाक्सिब गा.वि.स.लाई मिति २०७०।१२।१२७ च.नं. ८१९, पु.च.नं. २८७ को पत्र पठाइएको । उजुरीकर्ताले सूचना पाइन भनी मिति २०७१।०५।३० मा पुनः उजुरी गरेकोमा यस आयोगबाट मिति २०७१।०७।३०, च.नं. ५४५, पु.च.नं. २५० बाट ताकेता पत्र समेत पठाएको । उक्त पत्राचार पश्चात उजुरीकर्ताबाट सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी उजुरीकर्ता स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि उजुरीकर्ताले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत उजुरी तामेलीमा राखिएको छ । प्रस्तुत उजुरीको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भाद्र २८ गते रोज २ शुभम् ।